http://www.dotnepal.com

लोक सेवा आयोग
राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, प्रशासन, सातौं, नायब व्यवस्थापक पदको
आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा
२०७४।९।१९

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । प्रत्येक खण्डबाट ५/५ प्रश्नको उत्तर दिनुपर्नेछ ।

## खण्ड "क" — ५० अङ्क

१. राष्ट्रिय आय (National Income) को अवधारणा उल्लेख गर्दै यसको मापन गर्ने विभिन्न विधिबारे चर्चा गर्नुहोस् । २+८=१०

२. नेपालको मौजुदा कर संरचनाबारे चर्चा गर्दै यस सम्बन्धी समस्या एवं समाधानका उपाय प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

३. मौद्रिक नीति भनेको के हो ? नेपाल राष्ट्र बैंकले जारी गरेको वर्तमान् मौद्रिक नीतिका विशेषताहरू के के छन् ? लेख्नुहोस् । २+८=१०

४. नेपालले तर्जुमा गरेको राष्ट्रिय योजना अनुसार सहश्राब्दी विकास लक्ष्यमा प्राप्त उपलब्धीको समीक्षात्मक टिप्पणी गर्नुहोस् । १०

५. नेपालको वित्त बजार (Financial Market) का समस्याहरू के के हुन् ? समस्या पहिचान गरी समाधानका उपायहरू लेख्नुहोस् । ५+५=१०

६. विश्वव्यापार संगठन (WTO) को भूमिका तथा आवश्यकताबारे चर्चा गर्दै यसबाट नेपाललाई परेको प्रभावबारे आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ५+५=१०

http://www.dotnepal.com

http://www.dotnepal.com



## खण्ड 'ख'

५० अङ्क

७. भनिन्छ कि 'व्यवस्थापन र संगठन भनेका ती निकायहरूको ऐतिहासिक र सामाजिक परिस्थिति एवं समय र स्थानका उपज हुन्।' यसै सन्दर्भमा व्यवस्थापकीय सिद्धान्तहरूको उत्पत्तिको बारेमा संक्षिप्तमा उल्लेख गर्नुहोस् । १०

८. संगठनभित्र परिवर्तन व्यवस्थापनलाई व्यवस्थापनको एक नूतन अवधारणाको रूपमा लिइएको पाइन्छ । यस सन्दर्भमा, परिवर्तन व्यवस्थापनको अर्थ खुलाउँदै परिवर्तन व्यवस्थापनका विभिन्न दृष्टिकोण (Approaches of Change Management) का बारेमा विवेचना गर्नुहोस् । २+८=१०

९. बीमा व्यवसायमा Marketing management लाई किन महत्त्वपूर्ण मानिन्छ ? बीमा व्यवसायमा प्रचलित "Marketing mix" को अवधारणालाई सविस्तार व्याख्या गर्नुहोस् । ५+५=१०

१०. Corporate Governance को उद्देश्य तथा चुनौती उल्लेख गर्नुहोस् । नेपालका बीमा कम्पनीहरूले Corporate Social Responsibility कत्तिको निर्वाह गरेका छन् ? विवेचना गर्नुहोस् । ५+५=१०

११. नेपालमा बीमा कम्पनीको व्यवस्थापन तथा यसका समस्याहरूबारे विश्लेषणात्मक टिप्पणी गर्नुहोस् । ३+७=१०

१२. मानव संसाधन व्यवस्थापन (HRM) मा देखा परेका समकालिन चुनौतीहरूलाई उजागर गर्दै नेपालको बीमा व्यवसायको HRM अवस्थितिको तुलनात्मक विवेचना गर्नुहोस् । ५+५=१०

:: समाप्त ::

http://www.dotnepal.com

http://www.dotnepal.com

लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, प्रशासन, सातौं, नायब व्यवस्थापक पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।२०

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बीमा र लेखा तथा सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड 'क' मा ७ प्रश्नमध्ये ६ प्रश्नको र खण्ड 'ख' मा ४ प्रश्नमध्ये समस्या समाधान (अनिवार्य) सहित ३ प्रश्नको उत्तर दिनुपर्नेछ ।

## खण्ड "क" — ६० अङ्क

१. बीमामा जोखिम (Risk) भन्नाले के बुझिन्छ ? जोखिमका प्रकारहरू उल्लेख गर्दै यसलाई व्यवस्थापन (Handling) गर्ने उपायहरू लेख्नुहोस् । २+४+४=१०

२. बीमा अभिकर्ता (Agent) र दलाल (Brokers) बीचमा फरक छुट्याउनुहोस् । एउटा बीमा कम्पनीको लागि अभिकर्ता र दलालको आवश्यकता किन पर्दछ ? तर्कसहित लेख्नुहोस् । ४+६=१०

३. मौकापरस्त बीमा घोटाला (Opportunistic Insurance Fraud) भनेको के हो ? उदाहरणसहित व्याख्या गर्नुहोस् । बीमा कम्पनीहरूले यस्ता घोटालाबाट आफूलाई कसरी बचाउन सक्छन् ? लेख्नुहोस् । ५+५=१०

४. पुनर्बीमालाई परिभाषित गर्नुहोस् । आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा नेपालमा रहेका जीवन तथा निर्जीवन बीमा कम्पनीहरूले बीमालेखको उल्लेख्य हिस्सा अनिवार्य रूपमा नेपाल पुनर्बीमा कम्पनीमा पुनर्बीमा गर्नुपर्ने व्यवस्था गरिएकोमा हालसम्म यो व्यवस्था कार्यान्वयन हुन नसक्नुका कारण र समस्याहरू पहिल्याउँदै नेपाल पुनर्बीमा कम्पनीमा पुनर्बीमा गराउने व्यवस्था लागू गर्न बीमा समितिले चाल्नुपर्ने कदमहरू सुझाव दिनुहोस् । ३+७=१०

५. देशको आर्थिक वृद्धिमा बीमाले कसरी सहयोग पुऱ्याउँछ ? उल्लेख गर्दै बीमा र बैंक बीचको सम्बन्धका बारेमा प्रकाश पार्नुहोस् । ५+५=१०

६. अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानदण्डले प्रत्येक बीमकलाई दायित्व पर्याप्तता परीक्षण प्रत्येक लेखाङ्कन वर्षको अन्त्यमा गर्न अनिवार्य गरेको छ । यस्तो परीक्षण कसरी गरिन्छ ? प्रष्ट पार्नुहोस् । १०

क्रमश : ...

http://www.dotnepal.com

http://www.dotnepal.com



७. वैधानिक अन्तिम लेखापरीक्षकले दिने क्वालिफाईड र अनक्वालिफाईड (qualified and unqualified) प्रतिवेदनमा के फरक छ ? कस्तो अवस्थामा लेखापरीक्षकले क्वालिफाईड प्रतिवेदन दिन्छन् ? लेख्नुहोस् । १०

## खण्ड "ख"

४० अङ्क

८. बीमा ऐन, २०४९ अनुसार बीमा समितिको गठन कसरी गरिएको छ ? उल्लेख गर्दै बीमा समितिले गर्ने कामहरूलाई उक्त ऐनले कसरी परिभाषित गरेको छ ? विवेचना गर्नुहोस् । १०

९. "भ्रष्टाचार एक कानूनी मात्र नभई सामाजिक अपराध हो । यसलाई जरैदेखि निर्मूल नगरेसम्म मुलुक आर्थिक समृद्धिको मार्गमा अगाडि बढ्न सक्दैन" भन्ने भनाइप्रति आफ्नो धारणा राख्दै भ्रष्टाचार नियन्त्रण गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ मा के-कस्ता प्रावधानहरू थप गर्न आवश्यक ठान्नुहुन्छ? लेख्नुहोस् । ५+५=१०

१०. नेपालको आयकर ऐनले लगानी बीमा भनेर कस्तो बीमालाई परिभाषित गरेको छ ? लगानी बीमाका सम्बन्धमा के-कस्ता प्रावधानहरू छन् ? लेख्नुहोस् । १०

**समस्या समाधान**

११. राजेन्द्र कुमार एउटा ठूलो सिमेन्ट कारखानाका प्रमुख कार्यकारी हुन् । उनको एउटा रेन्ज रोभर भेलार एसयूभी गाडी छ र 'A' बीमा कम्पनीबाट गाडीको व्यापक (comprehensive) बीमा गरेका छन् । उनलाई गाडी चलाउने ठूलो सोख छ । आफै गाडी चलाउछन् र राम्रो सवारी चालक पनि हुन् । विगत ४० वर्षको ड्राइभिङ्मा उनले एउटा पनि दुर्घटना गराएका छैनन् । यसै कारणले 'A' बीमा कम्पनीले उनलाई राम्रै दावीरहित छुट् दिएर ज्यादै कम प्रिमियम लिएको छ ।

२०७४ असोजको एक दिन राजेन्द्र कुमारले बीमा कम्पनीलाई आफ्नो गाडी दुर्घटनामा परेको र क्षतिको मूल्याङ्कन गरिदिन पर्‍यो भनेर सम्पर्क गरे । दुर्घटनामा चालकलाई टाउकोमा गम्भीर चोट लागेको थियो र खुट्टा भाँचिएको थियो । सडक पार गर्दै गरेकी एक स्कुले बालिका गम्भीर घाइते थिइन् । एउटा टेलिफोनको पोल ढलेको थियो । गाडीको अग्रभाग पूरै क्षति भएको र ठूलै मर्मत तथा रङ्गरोगन गर्न आवश्यक थियो । अगाडिका दुबै पाङ्ग्रा फेर्नुपर्ने अवस्था थियो ।

क्रमश :

http://www.dotnepal.com

http://www.dotnepal.com



सोधपूछ गर्दा दुर्घटनाको समयमा राजेन्द्र कुमारका छोरा अभय कुमारले गाडी चलाएका थिए । अभयसँग गैरपेशागत (non-professional) A र B वर्गको सवारीचालक अनुमतिपत्र थियो । अनुमतिपत्र नियमानुसार नवीकरण पनि गरिएको थियो । राजेन्द्र कुमारले सामान्यतयाः कसैलाई पनि आफ्नो मनपर्ने एसयूभी गाडी चलाउन दिदैनथे । आफ्नो छोरालाई पनि मनाही थियो । त्यो दुर्भाग्यपूर्ण दिनमा पनि राजेन्द्र कुमारले आफ्नो छोरालाई परिवारकै अर्को कार लिएर जान भनेका थिए । दुर्घटनाको पूरै खबर पाउनु अघिसम्म राजेन्द्र कुमारले छोराले ह्युन्डेई एलान्ट्रा लिएर गएका होलान भन्ने ठानेका थिए ।

गाडीको अघिल्लो यात्रु सिटमा राजेन्द्रकै छोरी बसेकी रहिछन् । दुर्घटना पछि गरेको मेडिकल जाँचमा उनी पूरै रक्सीको नशामा रहेको प्रमाणित भयो । अभय कुमारको रगतमा भने मादक पदार्थको कुनै अवशेष फेला परेन ।

दुर्घटना सोमबारका दिन करिब नौ बजे पुल्चोकमा भएको थियो । अभय र उनकी बहिनी जावलाखेलबाट सानेपा निवासतिर जाँदै थिए । पुल्चोक-मङ्गलबजारको लबीम मल जक्सनमा अभयले सानेपा जान बायाँ मोड लिए । निदान अस्पतालबाट आउँदै गरेकी एक स्कुले बालिकाले सडक पार गर्दागर्दै द्रुतगतिमा गाडी आएको देखेर गाडीलाई बाटो छोड्दै सडकको बीच पुग्नु अघि नै रोकिएकी थिइन् । तर अभयले गाडी मोड्दा बायाँ लेनमा रहनु पर्नेमा चाहिनेभन्दा बढी दाहिनेतिर लगेका रहेछन् । यसैकारण गाडीले बालिकालाई ठक्कर दियो । बालिकालाई ठक्कर दिएपछि अभयले सन्तुलन गुमाउन पुगे र गाडी टेलिफोन पोलमा ठोक्किन पुग्यो ।

बीमालेख राजेन्द्र कुमारको नाममा छ । राजेन्द्रले नै स्कुले बालिका र आफ्नो छोराको उपचार खर्च, गाडी मर्मत खर्च बापत क्षतिपूर्ति दावी गरेका छन् । उनको दावी छ कि उनको छोराले उनको गाडी चलाउने हक राख्छन् र उनको स्वीकृतिमा नै अभयले गाडी चलाएका हुन् ।

यो मामिलाको सबै पक्षको सुक्ष्म विश्लेषण गर्नुहोस् र 'A' बीमा कम्पनीले के गर्दा उपयुक्त हुन्छ ? सुझाव प्रस्तुत गर्नुहोस् । २०

:: समाप्त ::

http://www.dotnepal.com